Local Government

**Shivanath Rural Municipality**

Office of The Rural Municipal Executive

**Shivanath, Baitadi**

**Sudurpaschim Province, Nepal**

**Notice for Invitation of Bids**

**First Date of publication: 2082/06/31 BS (17th, October 2025)**

Shivanath Rural Municipality Office of The Rural Municipal Executive Shivanath, Baitadi invites Electronic Bids under National Competitive Bidding Procedure (NCB) through PPMO's e-procurement system https://www.bolpatra.gov.np/egp from eligible bidders for the procurement of following works mentioned below.

| S.N. | Name of Project | Contract Identification No. | Estimated Amount (Excluding VAT and Contingencies) | Bid Security (NRS) | Bid Document Price (NRs) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction and Upgrading Works of Danni Dehigada Road at Ward 05 & 04. | 001/SRMUN/WORKS/2082/083 | **AACT= 23.53 Million Experience = 11.76 Million** | **5,00,000/-** | **5,000/-** | 2082/07/30 BS (16th November 2025) 12:00 hour | 2082/07/30 BS (16th November 2025) 13:00 hour, At Shivanath Rural Municipality Office, Shivanath, Baitadi (Hard Copy not acceptable e-bid only) |
| 2 | Construction of Sakara Road at Ward 03. | 002/SRMUN/WORKS/2082/083 | **NRs. 1,30,84,066.95** | **3,30,000/-** | **3,000/-** | | |
| 3 | Sullekhan Sharmali Nagarjunghat Road Upgrading Works at Ward 06,03,02 and 01. | 003/SRMUN/WORKS/2082/083 | **NRs. 67,21,532.86** | **1,70,000/-** | **3,000/-** | | |

**Bank Information**

| Name of Bank | Office Account Name & Numbers |
|---|---|
| Nepal SBI Bank Branch, Shivanath, Baitadi | **For Bid Document fee (Aantarik Rajaswa Khata) 41895241207004**<br>**For Bid Security Deposit (Dharauti Khata) 41825240600003** |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shivanath Rural Municipality Office, Shivanath, Baitadi, Email: ito.shivanathmun@gmail.com, Phone no. 9858782964, 9848807264 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Electronic bids must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 hour on 2082/07/30 BS (November 16th, 2025).Bids received after this deadline will be rejected.
3. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
4. Shivanath Rural Municipality Office, Shivanath, Baitadi, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. In case of discrepancy or error in Tender notice, bid document and other document of Construction of various project mentioned above of Shivanath Rural Municipality reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Office.
6. If the last date of bid purchasing and/or submission falls on a government holiday, then next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

Narendra Singh Mahata

Chief Administrative Officer

■ ३६ वर्षदेखि उडानको पर्खाइमा बलेवा विमानस्थल

# पूर्वाधार छ, छैन पहल



■ सौर्य समाचार

पर्वत । पर्वत सदरमुकाम कुश्मा बजारनजिकै रहेको बलेवा विमानस्थल बन्द भएको ३६ वर्ष भए पनि हालसम्म सञ्चालनमा नआउँदा स्थानीयवासी निराश बनेका छन् । २०२२ सालमा निर्माण गरिएको उक्त विमानस्थल २०४८ सालसम्म सञ्चालन भए पनि त्यसपछि पूर्ण रूपमा बन्द छ । विमानस्थलमा भौतिक संरचना सम्पन्न भएपछि नियमित उडानको आशामा रहेका यहाँका नागरिकले नियमित उडान र सञ्चालनका लागि कुनै निकायबाट पहल नभएको गुनासो गरेका छन् ।

पोखरा-बागलुङ सडक विस्तार भएपछि यात्रु अभावमा विमानस्थल बन्द भएको थियो । बन्द भएको २७ वर्षमा बागलुङ नगरपालिकाले सञ्चालनको प्रयास गरेको थियो । २०७५ चैत ९ देखि पुनःसञ्चालनमा ल्याइएकामा यात्रु अभावले ६ महिना पनि नियमित सञ्चालन हुन सकेन । नेपाल एयरलाइन्स र तारा एयरलाइन्सका जहाजले केही महिना हिउँदमा पुलाम्मे र वर्षामा हिलाम्मे धावनमार्गमा उडान भरेका थिए ।

अहिले ८ करोड रुपैयाँभन्दा बढी खर्च गरेर धावनमार्ग, पार्किङ तथा टर्मिनल भवन मर्मतसम्भार गरेर आकर्षक बनाइएको छ । २४ मिटर चौडा, तारबारले घेरिएको, टर्मिनल भवन मर्मत गरेर रंगरोगन गरिएको विमानस्थल हवाइजहाजको पर्खाइमा रहेको विमानस्थलका कार्यालय सहयोगी सविता शर्माले बताइन् । उनका अनुसार नागरिक उड्डयन प्राधिकरणले ८ करोड रुपैयाँ खर्चेर ४ वर्षअघि मात्र विमानस्थल कालोपत्र तथा अन्य पुराना पूर्वाधार मर्मत गरेको थियो । विमानस्थलमा गरेको लगानी जहाज नआउँदा बालुवामा पानीजस्तै भएको राम शर्माले बताए उनले विमानस्थलमा एक कार्यालय सहयोगीले नियमित रेखदेख गर्दै आएका छन् । 'यहाँ १८ देखि २४ सिट क्षमताका जहाज सञ्चालन गर्न सकिन्छ,' उनले भने ।

यो विमानस्थलमा हवाई सेवा नियमित भएमा बागलुङ जिल्लाका साथै पर्वत र म्याग्दीका जनतालाई समेत सुविधा पुग्ने स्थानीयको भनाइ छ । बागलुङ नगरपालिकामा निर्वाचित जनप्रतिनिधि आइसकेपछि विमानस्थल सञ्चालन गर्न साताका २ दिन उडान भर्ने र यात्रु अभाव हुँदाको भाडा नगरपालिकाले बेहोर्ने सम्झौता गरेपछि केही महिना सञ्चालनमा आएको थियो । पछि विमानस्थलको धावनमार्ग पक्की बनेपछि सेवा सञ्चालन हुने ठप्प बनेको छ । कालोपत्र भएर पिटिक्क बनेको विमानस्थलमा अहिलेसम्म परीक्षण उडान पनि नभएको बागलुङ-१४ नारायणस्थानका वडाध्यक्ष एवं नगरपालिकाका प्रवक्ता चक्रबहादुर खत्रीले बताए । उनले बलेवाका स्थानीय अझै जहाज आउनेमा आशावादी रहेको भन्दै पटकपटक जहाज चलाउन पहल भए पनि सार्थकता पाउन नसकेको उल्लेख गरे ।

प्रदेश सरकारका पर्यटन तथा नागरिक उड्डयनमन्त्रीलाई विमानस्थल अवलोकन गराउँदै आइएको जनाउँदै खत्रीले कसैबाट ठोस पहल नभएको गुनासो गरे । 'राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोर कालोपत्रको चरणमा रहेकाले कालोपत्र भइसकेपछि यात्रु सहज ढंगले विमानस्थलमा आउने वातावरण भएमा विमानस्थल सञ्चालन हुन सक्छ । नगरले विमानस्थललाई पाइलट प्रशिक्षण केन्द्र तथा अल्ट्रालाइटजस्ता साहसिक उडानका लागि पहल गरिरहेको छ,' उनले भने । निजी क्षेत्रका एयरलाइन्सले यात्रु सुनिश्चितता नभएसम्म उडान भर्न नमान्ने गरेकाले समस्या भएको तत्कालीन विमानस्थलका पूर्वप्रमुख सूर्यबहादुर खत्रीले बताए ।

उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरको मध्यभागमा पर्ने विमानस्थलका कारण पर्यटन प्रवर्द्धनको सम्भावना भए पनि नियमित सञ्चालन गर्न नसकिएको नगरप्रमुख बसन्तकुमार श्रेष्ठले स्वीकार गरे । उनले नगरको पहलले मात्रै विमानस्थल सञ्चालन गर्न सम्भव नहुने जनाउँदै संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्य र समन्वय आवश्यक पर्नेमा जोड दिए । कालीगण्डकी करिडोर सम्पन्न भएपछि र कुश्मादेखि जोडिने यान्त्रिक पुल, बन्जी पुल र नयाँ बन्ने झोलुंगे पुल सम्पन्न भएपछि यात्रुको समस्या नहुने स्थानीय कमल जिसीले बताए । त्यसका लागि अझै केही समय प्रतीक्षा गर्नुपर्ने उनको भनाइ छ ।

# ५ वर्षमा पनि बनेन दूधकोसीको चुहार पक्की पुल

■ सौर्य समाचार

भोजपुर । भोजपुर र उदयपुरलाई जोड्ने दूधकोसी नदीमाथि निर्माणाधीन चुहार पक्की पुल ५ वर्ष बितिसक्दा पनि अधुरो छ । २ वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित २०७७ सालमा निर्माण सुरु गरिएको उक्त पुल हालसम्म पनि रोकिएको छ । कोसी प्रदेश सरकारले २१ करोड २३ लाख १२ हजार रुपैयाँ लागतमा कालिका-प्यासेफिक जेभीलाई पुल निर्माणको जिम्मा दिएको थियो । सुरुमा दुवैतर्फ पिलर निर्माण सुरु भए पनि कामले निरन्तरता नपाएर अधुरै छाडिएको हो ।

लामो समयदेखि अलपत्र बनेको पुल निर्माणमा ढिलाइ भएपछि भोजपुरका ३ स्थानीय तह रामप्रसादराई, हतुवागढी र आमचोक गाउँपालिकाले संयुक्त बैठक बसेर प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेका छन् । रामप्रसादराई गाउँपालिकाका अध्यक्ष धामबहादुर राईले पुल निर्माणमा भइरहेको ढिलाइले ३ वटै पालिकाका बासिन्दा प्रत्यक्ष प्रभावित भएका बताए । 'प्रदेश सरकारले २ वर्षमा बनाउने भनिएको पुल ५ वर्षसम्म पनि बनेको छैन,' उनले भने, 'हामी संयुक्त पहलमार्फत प्रदेश सरकारलाई काम अघि बढाउन दबाब दिनेछौं । काममा ढिलाइ हुँदा नागरिकलाई प्रत्यक्ष असर पुगेको छ ।'

संयुक्त बैठकमा हतुवागढी गाउँपालिकाका अध्यक्ष प्रेमकुमार राई, आमचोक गाउँपालिका उपाध्यक्ष अशोक राईसहित ३ वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत र सरोकार भएका निकायका प्रतिनिधि सहभागी थिए । दक्षिणी क्षेत्र हुँदै तराईका जिल्लासँग जोडिने प्रमुख मार्गका रूपमा रहेको चुहार पुल निर्माण रोकिएपछि स्थानीयवासी वर्षौंदेखि जोखिमपूर्ण रूपमा दूधकोसी पार गर्दै आवतजावत गर्न बाध्य छन् ।

२०७७ असोज २७ मा शिलान्यास गरिएको यो पुलले भोजपुरको हतुवागढी-९ हस्नपुर र उदयपुरको बेलका नगरपालिका-७ मैनामैनीलाई जोड्छ । पुलको लम्बाइ ९० मिटर र चौडाइ फुटपाथसहित साढे १० मिटर रहनेछ । स्थानीयवासीका अनुसार पुल बनेपछि यो क्षेत्रको आवागमन, व्यापार तथा सामाजिक सम्पर्कमा सहजता आउनेछ । निर्माणकार्य लामो समयदेखि ठप्प हुँदा स्थानीय निराश भएका छन् ।

# राष्ट्रपतिसमक्ष प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन पेस

■ सौर्य समाचार



काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गरिएको छ । राष्ट्रपति भवन शीतलनिवासमा बिहीबार आयोजित एक कार्यक्रममा कार्यवाहक अध्यक्ष युद्धबहादुर गुरुङले सो प्रतिवेदन पेस गरेका हुन् ।

यस्तै, राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष धारु आयोगको आज २०८१/८२ को वार्षिक प्रतिवेदन पनि पेस गरिएको छ । राष्ट्रपति भवन शीतलनिवासमा बिहीबार आयोजित एक कार्यक्रममा कार्यवाहक अध्यक्ष सुबोधसिंह धारूले सो प्रतिवेदन पेस गरेका हुन् ।

## सिरीजङ्घा गाँउपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

सूचना प्रकाशित मितिः २०८२।०६।३१

यस कार्यालयबाट तपसिलमा उल्लिखित ठेक्का सम्बन्धी सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भए अनुसार तपसिलमा उल्लिखित बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बिवरण | ठेक्का नं. | ठेक्का प्रकाशित मिति | बोलपत्र खोलिएको मिति | सारभूतरूपमा प्रभावग्राही भएको बोलपत्रदाताको नाम | बोलपत्रदाताले कबोल गरेको रकम (भ्याट तथा पि. एस. सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Supply & Delivery of Stationery & different Item for Sirijangha Rural Municipality office. | NCB/Goods/ SRM/03/ 2082/083 | २०८२।०५।२३ | २०८२।०६।२५ | Arjan Pustak Pasal and Stationary Suppliers, Mechinagar, Jhapa. | रु. १३,४९,१०७४० | |

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
## दुधौली नगरपालिका
### नगर कार्यपालिकाको को कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

प्रकाशन मिति: २०८२/०६/३१

उपरोक्त सम्बन्धमा यस कार्यालयको ठेक्का नं. ०१/SQ/GOODS/DMUN/२०८२-०८३ मिति २०८२/०५/२३ गते प्रकाशित कार्यालयको Supply and Delivery Machine made Gabion Box कार्य सूचना अनुसार मिति २०८२/०६/०७ गते दिनको १२:०० बजेसम्म यस कार्यालयका दर्ता भएका सिलबन्दी दरभाउपत्र सोही दिन दिनको २:३० बजे खोल्दा दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र कम दररेट अंक कबोल गर्ने तपशिलको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न यस कार्यालयमा मिति २०८२/०६/०९ गते बसेको दरभाउ पत्र मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सो सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० उपदफा ५ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम १० को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

| सि.नं | सिलबन्दी दरभाउपत्रपेशकर्ताको नाम र ठेगाना | लागत अनमान अंक मु.अ.कर सहित | दरभाउपत्रदाताको कबोल अंक मु.अ. कर सहित | कैफियत |
|---|---|---|---|---|
| १ | जागेश्वर कन्ट्रक्सन, सिन्धुली | १९,४५,३१९.३- | १९,४०,८६६.१९।- | ०.२३ % घटी |

प्रमुख प्रशासकीय अधिकृत

## Local Government
## Shivanath Rural Municipality
### Office of The Rural Municipal Executive
Shivanath, Baitadi
Sudurpaschim Province, Nepal

# Notice for Invitation of Bids

First Date of publication: 2082/06/31 BS (17th, October 2025)

Shivanath Rural Municipality Office of The Rural Municipal Executive Shivanath, Baitadi invites Electronic Bids under National Competitive Bidding Procedure (NCB) through PPMO's e-procurement system https://www.bolpatra.gov.np/egp from eligible bidders for the procurement of following works mentioned below.

| S.N. | Name of Project | Contract Identification No. | Estimated Amount (Excluding VAT and Contingencies) | Bid Security (NRS) | Bid Document Price (NRs) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction and Upgrading Works of Danni Dehigada Road at Ward 05 & 04. | 001/SRMUN/ WORKS/2082/083 | AACT= 23.53 Million Experience = 11.76 Million | 5,00,000/- | 5,000/- | 2082/07/30 BS (16th November 2025) 12:00 hour | 2082/07/30 BS (16th November 2025) 13:00 hour, At Shivanath Rural Municipality Office, Shivanath, Baitadi (Hard Copy not acceptable e-bid only) |
| 2 | Construction of Sakara Road at Ward 03. | 002/SRMUN/ WORKS/2082/083 | NRs. 1,30,84,066.95 | 3,30,000/- | 3,000/- | | |
| 3 | Suilekhan Sharmali Nagarjunghat Road Upgrading Works at Ward 06,03,02 and 01. | 003/SRMUN/ WORKS/2082/083 | NRs. 67,21,532.86 | 1,70,000/- | 3,000/- | | |

**Bank Information**

| Name of Bank | Office Account Name & Numbers |
|---|---|
| Nepal SBI Bank Branch, Shivanath, Baitadi | For Bid Document fee (Aantarik Rajaswa Khata) 41895241207004<br>For Bid Security Deposit (Dharauti Khata) 41825240600003 |

For More Details Contact No,9858782964, 9865622994, 9848807264 Or May Visit PPMO e-GP System At www.bolpatra.gov.np/egp Or Website of Shivanath Rural Municipalty At www.shivanathmun.gov.np

**Chief Administrative Officer**